# फिदिम नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

फोन नं.: ०२४-५२११०७ (प्रमुख),
०२४-५२११०८ (उपप्रमुख)

फिदिम,पाँचथर
१ नं. प्रदेश, नेपाल

प.सं. : २०७५/०७६
च.नं.

मिति : २०७५/०८/२४

विषय :- सिलबन्दी बोलपत्र आह्वानको सूचना ।

प्रथम पटक सूचना प्रकाशित मिति : २०७५/०८/२४

यस नगर कार्यपालिकाको लागि **Gabion Box** आपूर्ति गर्नुपर्ने भएको हुँदा इच्छुक उत्पादक कम्पनी तथा अधिकृत बिक्रेता/सप्लायर्स फर्महरुबाट निम्न शर्तहरुको अधिनमा रही सिलबन्दी बोलपत्र पेश गर्नुहुन यो सूचना प्रकाशन गरिएको छ ।

तपशिल :

१.गत आ.व. २०७४/०७५ मा नविकरण सहितको इजाजत-पत्र, आ.व. २०७४/०७५ मा करचुक्ता भएको प्रमाणपत्र, अधिकृत बिक्रेता प्रमाण, आयकर/मू.अ.करमा दर्ता प्रमाणहरुको प्रतिलिपि संलग्न राखी निवेदन दिई दस्तुर रु.३,०००।- ( तीन हजार रुपैयाँ मात्र) पछि फिर्ता नहुने गरी बुझाई यस कार्यालयबाट बोलपत्र फाराम खरिद गर्न सकिनेछ ।

२.यो सूचना गोरखापत्र राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित भएको मितिले ३० (तीस) औं दिन सम्ममा कार्यालय समयभित्र बोलपत्र फाराम खरिद गरी ३१ (एकतीस) औं दिनको १२:०० बजेभित्र यस कार्यालयमा दाखिला गरिसक्नु पर्नेछ । सो दिन सार्वजनिक विदा परेमा सम्पूर्ण कार्यहरु सो को भोलिपल्ट हुनेछ ।

३. सिलबन्दी बोलपत्र फाराम पेश गर्दा बोलपत्रदाताको ग्राह्यता सम्बन्धि आधार प्रमाणित गर्ने सम्पूर्ण कागजातहरुको नोटरी प्रमाणित प्रतिलिपी समेत अनिवार्य रुपमा पेश गर्नुपर्ने छ ।

४. सिलबन्दी बोलपत्र फाराम राखिएको खाम बाहिर "कार्यालयको नाम र **Gabion Box** आपूर्ति सम्बन्धी बोलपत्र" भन्ने शब्द लेखि सिलबन्दी गरिएको हुनुपर्नेछ ।

५.यसरी दर्ता हुन आएका सिलबन्दी बोलपत्र ३१ औं दिनको २:०० बजे कार्यालयको प्रतिनिधिहरु र बोलपत्रदाताहरुको रोहवरमा खोलिनेछ । बोलपत्रदाताहरु अनुपस्थित रहेमा पनि सिलबन्दी बोलपत्र खोल्न बाधा पर्ने छैन ।

६.सिलबन्दी बोलपत्र पेश गर्नेले धरौटी रकम वापत यस कार्यालयको नाममा ने.बैं.लि.फिदिम स्थित धरौटी खाता नं.०६७०३००००००००३००००००३ मा दाखिला गरेको सक्कलै बैंक भौचर वा यस कार्यालयको नाममा नेपाल सरकारबाट मान्यता प्राप्त बैंकबाट १२० दिनको मान्य अवधि रहने गरी जारी भएको बैंक जमानत (बैंक ग्यारेण्टी) पेश गर्नु पर्नेछ । धरौटी रकम नगद जम्मा गर्नेको नाममा अनिवार्य रुपमा कम्पनि वा फर्मको नाम लेख्नुपर्नेछ र कुनै व्यक्तिको नाममा जम्मा भएको धरौटी मान्य हुनेछैन ।

७.बोलपत्र स्वीकृतको आशयपत्र जारी भएपछि स्वीकृत बोलपत्रदाताले खरिद सम्झौता गर्दा कबोल गरेको अङ्कको सा.ख. नियमावली, २०६४ को नियम ११० बमोजिम हुने गरी धरौटी रकम वा नगद जम्मा गरेको सक्कलै बैंक भौचर वा यस कार्यालयको नाममा मान्यता प्राप्त बैंकले जारी गरेको कार्य सम्पादन जमानत पेश गरीस्वीकृत भएको १५ (पन्ध्र) दिन भित्र सम्झौताको लागि कार्यालयमा उपस्थित हुनुपर्नेछ ।

८.सिलबन्दी बोलपत्रमा उल्लेखित परिमाणको **Gabion Box** आपूर्ति गर्ने प्रयोजनार्थ: नगर कार्यपालिकाको कार्यालय, फिदिम पाँचथरको सम्बन्धित साईट सम्म ढुवानी गर्नुपर्नेछ ।

९. कबोल रकम उल्लेख गर्दा तोकिए बमोजिम लेख्नुपर्नेछ । अङ्क र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिईनेछ ।

१०.कुनै शर्त राखी पेश गरिएको सिलबन्दी बोलपत्र स्वीकार गर्ने वा नगर्ने सम्पूर्ण अधिकार कार्यालयमा सुरक्षित रहनेछ ।

११.सूचनाको शर्त विपरित भएको, कार्यालयबाट उपलब्ध गराएको बोलपत्र फाराममा कुनै थपघट गरिएको, रीत नपुगेको, म्याद नाघी पेश हुन आएको बोलपत्र उपर कुनै कारवाही गरिने छैन ।

१२.सूचनामा उल्लेख भएकोमा सोही बमोजिम र अन्यको हकमा सार्वजनिक खरिद ऐन, २०६३ र नियमावली, २०६४ बमोजिम हुनेछ ।

१३.थप बुझ्नु परेमा फोन नं. ०२४-५२०१०७, ९८४२६४५८१० मा सम्पर्क राख्न सक्नु हुनेछ ।

१४.खरिद गरिने **Gabion Box** आपूर्तिको प्राविधिक स्पेशिफिकेशन सम्बन्धी विवरण विड डकुमेन्टमा संलग्न राखिनेछ ।

१५. उल्लेखित सूचनामा आवश्यक कुराहरु संशोधन गर्नुपर्ने भएमा कार्यालयको सूचना पाटीमा टाँस गरिनेछ ।

आपूर्ति गर्नुपर्ने सामान :

| ठेक्का नं. | कामको विवरण | (मू.अ.कर र कन्टेन्जेन्सी बाहेक) ल.ई. रकम रु. | धरौटी रकम रु. | कैफियत |
|---|---|---|---|---|
| PM/GB/NCB/G/04-2075/76 | **Gabion Box** आपूर्ति | २१,४५,०००।०० | ५४,०००/- | |

...राम उपाध्याय
...अधिकृत